तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

चलानी नं.
पत्र संख्या :

☎: ०७५-५२०१०९, ५२०८९३
५२०१२९, ५२०९०९
ई-मेल :ito.tansenmun@gmail.com
info@tansenmun.gov.np


# तानसेन नगरकार्यपालिकाको कार्यालयको कर तथा शुल्क संकलन सम्बन्धि सिलवन्दी दरभाउपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति: २०८०।०३।२२

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६१, ६२, एवं तानसेन नगरपालिकाको आर्थिक ऐन २०८० को दफा १८ व्यवस्था बमोजिम तानसेन नगर क्षेत्र भित्र तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन र तानसेन नगरपालिका क्षेत्र भित्रबाट निकासी हुने जडीबुटी, कवाडी, जीवजन्तुको तोकिएको दररेटमा शुल्क तथा कर संकलन गर्नका लागि १५ दिनको म्याद राखी यो दरभाउपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ । योग्य, ईच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र दरभाउपत्र पेश गर्नु हुन अनुरोध गरीन्छ ।

१. दरभाउपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।
२. दरभाउपत्र फारम खरिद गर्ने मिति : सुचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समय भित्र ।
३. सिलवन्दी वोलपत्र/दरभाउपत्र दाखिल गर्ने मिति : आ.व. २०७९/०८० सम्मका लागि नवीकरण भएको फर्म/कम्पनीको ईजाजतपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाण पत्र, २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथै खरीद भएको दरभाउपत्र साथ संलग्न गरी सुचना प्रकाशन भएको मितिले १६औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट सोही समय भित्र रितपुर्वक पेश गर्नु पर्नेछ ।
४. वोलपत्र/दरभाउपत्र खोल्ने समय : सूचना प्रकाशित भएको मितिले १६औं दिनको २ बजे दरभाउपत्र/वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।
५. प्राप्त सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ
६. दरभाउपत्र/वोलपत्र स्वीकृत भएमा पट्टा लिनु अगावै ठेक/कवोल अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाकी ५०% रकमको लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०८१ साल साउन मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।
७. दरभाउपत्र स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा दरभाउपत्रदाताको हुनेछ ।
८. तोकिएको दर तानसेन नगरपालिकाको आर्थिक ऐन, २०८० बमोजिम हुनेछ ।
९. ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिइने छैन ।
१०. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि २०८१ साल असार मसान्त सम्मको लागि मात्र हुने छ ।
११. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का संझौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका दरभाउपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।
१२. ठेक्का अंक रकम एकमुष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिदा ठेक्का अंकको न्यूनतम रकम भन्दा कम हुने गरि घटाईने छैन ।



जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

१३. दरभाउपत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.वैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०१००३०३००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

१४. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

दरभाउपत्र विवरण

| ठेक्का नं. | कामको विवरण | न्युनतम ठेक अंक (भ्याट वाहेक) रु. | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ER/ 02/080/081 | पार्किङ्ग शुल्क संकलन | ९,००,०००। | रु. १०००।०० | दरभाउपत्र |
| ER/ 03/080/081 | जडिबुटी, कवाडी, जीवजन्तुकर संकलन | ७,००,०००। | रु. १०००।०० | दरभाउपत्र |

..........................
तानसेन नगरप्रालिकाकार्यालय
**जीवन ग्यावाली**
**प्रमुख प्रशासकीय अधिकृत**

मधुसुदन पुरी
वरिष्ठ अधिकृत
सातौं तह